# प्रदेश राजपत्र

**कर्णाली प्रदेश सरकारद्धारा प्रकाशित**

**खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, चैत्र २४ गते, २०८२ साल (अतिरिक्ताङ्क ०९**


## भाग-३

कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/२४ गतेको निर्णयानुसार प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा हेरफेर गरिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अनूसुची-२ को,-

(क) क्र.सं. ३ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको सि. नं. २७, २९, ३० झिकिएको छ।

(ख) क्र.सं. ३ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको सि.नं. ३१ मा रहेको "श्रम सम्बन्धमा सुधार" भन्ने शब्दहरु झिकिएका छन्।

(ग) क्र.सं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको सि.नं. १३ मा रहेका "कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन" भन्ने शब्दहरुको सट्टा "साना सिचाइ, कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन" भन्ने शब्दहरु थप गरिएका छन्।

(घ) क्र.सं. ७ को सामाजिक विकास मन्त्रालय अन्तर्गतको सि. नं. ३६ मा रहेका "लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन" भन्ने शब्दहरुको सट्टा "लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक, दलित लक्षित आवास लगायत विकास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन" भन्ने शब्दहरु थप गरिएका छन्।

(ङ) क्र.सं. ७ को सामाजिक विकास मन्त्रालय अन्तर्गतको सि. नं. ३७ पछि देहायका सि.नं. ३७क, ३७ख र ३७ग थप गरिएका छन् ।

"३७क. रोजगार प्रवर्द्धन सम्बन्धी नीति कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन,

३७ख. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता र

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

३७ग. श्रम सम्बन्धी सुधार, श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन।”

मितिः २०८२/१२/२४

आज्ञाले,
लक्ष्मी कुमार वि.क.
प्रदेश सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश